# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १०८ | काठमाडौं | बुधबार, २४ साउन २०८० | Prabhab National Daily | Wednesday, August 8, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## अविरल वर्षापछिको संकट

### बाढीपहिरोमा परी २ जनाको मृत्यु, ७ जना बेपत्ता



- वर्षापछिको पहिरोले मकवानपुर बागमती गाउँपालिका-५, सिक्रे दोभानको एक घर पुर्दा शान्तिमाया स्याङतानको मृत्यु
- ६ जना बेपत्ता भएकोमा १९ वर्षीय पासाङ घिसिङको करिब १२ घण्टापछि स्थानीयवासीले मंगलबार जीवितै उद्धार
- धनुषामा खोलाले बगाउँदा १४ वर्षीय बालक अजय यादवको मृत्यु, दुई जना बेपत्ता
- भारी वर्षात्का कारण काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा डुबान

**अविरल वर्षाका कारण भक्तपुरको हनुमन्ते खोलामा आएको बाढीले भएको डुबान।** *तस्बिरः रमेश गिरी/रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** सोमबार राति परेको अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा बाढी र पहिरो गएको छ । बाढी र पहिरोका कारण धनजनको क्षति हुनुका साथै विभिन्न सडक अवरुद्ध भएका छन् । राजधानी काठमाडौंका कतिपय स्थान डुबानमा पर्नुका साथै विभिन्न सडकमा पुलसमेत बगाएको छ ।

**मकवानपुरमा एक जनाको मृत्यु, पाँच बेपत्ता**

वर्षापछिको पहिरोले घर बगाउँदा मकवानपुरको बागमती गाउँपालिका-५, सिक्रे दोभानमा रहेको अक्कलबहादुर स्याङतानको घर बगाएको छ । पहिरोमा परी उनकी श्रीमती शान्तिमायाको मृत्यु भएको छ । साथै, छ जना बेपत्ता भएकामा १९ वर्षीय पासाङ घिसिङलाई भने करिब १२ घण्टापछि स्थानीयवासीले मंगलबार अपराह्न जीवितै उद्धार गरेका छन् ।

पहिरोले बगाएको घरभन्दा करिब चार किलोमिटर तल बागमती खोला किनार बगेरीमा पासाङलाई फेला पारेका थिए । घिसिङको शरीरभरि घाउचोट लागेको छ । सिन्धुली हरिहरपुर-१ घर भएका घिसिङ अक्कलबहादुरको घरमा सोमबार पाहुना लाग्न आएका थिए । मंगलबार बिहान ४ बजेतिर गएको पहिरोले अक्कलबहादुरको घर पहिरोले बगाएको थियो । पहिरो पुरिएको अवस्थामा अक्कलबहादुरको ५५ वर्षीय शान्तिमायाको उद्धार गरिएको थियो । स्थानीय स्वास्थ्य चौकीमा ल्याएर उपचार गर्ने क्रममा उनको मृत्यु भएको परिवारले जानकारी दिएको छ ।

पहिरोमा परी अझै पाँच जना बेपत्ता छन् । बेपत्ता हुनेमा ५० वर्षीय अक्कलबहादुर, उनकी छोरी २२ वर्षकी शिला स्याङतान, ज्वाइँ जीवन (बाँकी पृष्ठ २ मा)

# तीन नेतासँग संसद्को चाबी !

■ **जेबी योञ्जन**

**काठमाडौं-** प्रमुख प्रतिपक्षी दल नेकपा एमाले अनेक एजेण्डा उठाउँदै घरिघरी संसद् अवरोध गरिरहन्छ। अनि, अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहालले बालुवाटार बोलाउँछन् । साथमा सत्तारुढमध्येकै दल कांग्रेसका सभापति शेरबहादुर देउवा पनि हुन्छन् ।

उनीहरू संवाद गर्छन् र संवादको क्रममा सहमति नभए अवरोध कायमै रहन्छ । त्यस्तो बेला जनताका प्रतिनिधिहरूको सार्वभौम थलो संसद् बन्धक हुन्छ । तर, संवादको क्रममा केही न केही बिन्दुमा सहमति भए संसद् खुल्छ ।

मंगलबार पनि यस्तै भयो । यसअघि २५ असारमा भारतीय नागरिक प्रितम सिंहको अभिव्यक्तिलाई लिएर संसद् अवरोध गरेको एमालेले अध्यक्ष ओलीसँग प्रधानमन्त्री दाहाल र देउवाले संवाद गरेपछि खोलियो । विगतमा पनि यस्तै हुँदै आएको थियो । तीन जना नेता बस्दा संसद् खुल्ने र नबस्दा बन्द हुने नियती संसद्मा बारम्बार देखिएको छ ।

यसप्रति संसद्का साना दलहरू असन्तुष्ट छन् । मंगलबारको संसद् बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले तीन नेताले संसद् बन्धक बनाएको भन्दै आलोचना गरे । जुन राजनीतिक लाभको क्षेत्रमा 'बार्गेनिङ'का लागि हुने गरेको लामिछानेको टिप्पणी छ ।

'तीन जना नेता मिलेर सल्लाह गर्नुपर्ने भए, संसद्को समय कहिले सुरु हुन्छ भनेर समय जारी भइसकेपछि त्यो समयलाई मध्यनजर राखेर मिल्नुपर्ने कुरा मिल्ने, मिल्नुपर्ने कुरा मिलाउने पहिल्यै किन हुँदैन ?,' मंगलबार प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्दै उनले प्रश्न गरे, 'हाम्रो आरोपअनुसार यो बार्गेनिङ रातारात बसेर किन गर्न सकिँदैन ? सदन चल्ने बेलामा नै किन गरिन्छ ?'

सशक्त प्रतिपक्षी दलको छवि बनाउन एमालेले पटक-पटक संसद् अवरोध गर्दै आएको छ । राखिएका मागलाई सम्बोधन गराउन दबाब बढाउने अर्को मनसाय पनि एमालेको देखिएको छ । तर, एमालेले जनताको जनजीविकासँग सम्बन्धित माग अघि सारेर भने संसद् अवरोध गरेको छैन ।

गत १३ जेठमा एमालेले जलहरी काण्डमा अध्यक्ष ओलीलाई प्रधानमन्त्री दाहालको दल (बाँकी पृष्ठ २ मा)




## उच्चस्तरीय छानबिन समितिको अडान

प्रमुख विपक्षी दल नेकपा एमालेले २ साउनदेखि लगातार उठाउँदै आएको एजेण्डा हो- सुनकाण्डको अनुसन्धान गर्न उच्चस्तरीय छानबिन समितिको गठन । सरकारले भने वास्तै गरेको छैन । बरु, हालै सुनकाण्डको अनुसन्धानको जिम्मा पाएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धानमा विश्वास गर्नुपर्ने जनाएको छ ।

'सिआइबीले ३५ दिन काम गर्न पाउँछ । यो समयमा उसले नेक्सस पत्ता लगाउँछ र दोषीहरूलाई कारबाहीको दायरामा ल्याउनसक्छ भन्ने हामीलाई विश्वास छ,' सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भने, 'अपराधी लुकाउने दुर्नियत देखापर्‍यो भने नयाँ शिराबाट बहस गर्नु उपयुक्त हुन्छ । यसलाई डिरेल गर्न नगरौं, प्लिज ।'

गृहमन्त्री श्रेष्ठले संसद्मा दिएको यस्तो जवाफ 'इमोसनल (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# एक वर्षमा करिब साढे चार हजार ठगीका उजुरी

### म्यानपावरभन्दा व्यक्तिगत ठगीका घटना बढ्दो

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** वैदेशिक रोजगारीका नाममा हुने ठगीका घटना न्यूनीकरणमा सरकार असफल देखिएको छ । वैदेशिक रोजगार विभागमा एक वर्षमै करिब साढे चार हजार ठगीका उजुरी र मुद्दा दर्ता भएका छन्। विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७९/८० मा ठगीका चार हजार ४६४ उजुरी तथा मुद्दा परेका हुन् ।

वर्षभरि परेका उजुरी तथा मुद्दामध्ये एक हजार ७५१ को पीडित र पीडकबीच भएको मेलमिलापमार्फत टुंग्याउँदै आर्थिक क्षतिपूर्तिसमेत उपलब्ध गराइएको विभागले जनाएको छ। पीडितहरूलाई मेलमिलापमार्फत ठगी भएको झण्डै ५६ करोड रूपैयाँभन्दा बढी क्षतिपूर्ति दिलाएको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । बाँकी थुप्रै मुद्दाको आवश्यक छानविन र अनुसन्धानको क्रममा रहेकाले यसको परिणाम छिट्टै आउने उनले जानकारी दिए ।

'वैदेशिक रोजगार विभागमा ठगीका उजुरी तथा मुद्दा हेर्नका लागि मुद्दा तथा अनुसन्धान शाखा, राहत उद्दार तथा समन्वय शाखा र प्रहरीको टोलीसमेत खटिएको छ,' उप्रेतीले भने, 'संस्थागत भन्दा पनि व्यक्तिगत ठगीका उजुरीहरू बढी रहेका कारण समयमै सम्बोधन गर्न कठिनाइ भए पनि विभागले तदारुकताका साथ काम गरिरहेको छ ।'

पछिल्लो समय विभागले वैदेशिक रोजगार व्यवसायी संघसँगको समन्वयमा मर्कामा परेका पीडितहरूलाई आवश्यक क्षतिपूर्ति उपलब्ध गराई मेलमिलापको कार्य गराउँदै आएको छ । यसका लागि विभाग परिसरमा नै मेलमिलाप

> वर्षभरि परेका उजुरी तथा मुद्दामध्ये एक हजार ७५१ को पीडित र पीडकबीच भएको मेलमिलापमार्फत टुंग्याउँदै आर्थिक क्षतिपूर्तिसमेत उपलब्ध गराइएको विभागले जनाएको छ । पीडितहरूलाई मेलमिलापमार्फत ठगी भएको झण्डै ५६ करोड रूपैयाँभन्दा बढी क्षतिपूर्ति दिलाएको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए ।

केन्द्र स्थापना गरिएको छ । विभागमा परेका उजुरी तथा मुद्दाको सम्बन्धमा सहजीकरण तथा मेलमिलाप गराउन र पीडितहरूलाई उचित क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन संघले सचिव कर्णबहादुर कटुवालको संयोजनमा १८ सदस्यीय समिति परिचालन गरेको छ । जटिल खालका केसहरूबाहेक मेलमिलाप केन्द्रबाटै धेरै मुद्दाहरू फरफाराक हुने भएकाले पीडितहरूले समयमै न्याय तथा क्षतिपूर्ति पाउने गरेको विभागले जनाएको छ ।

विभागले ठगीमा परेको गुनासो लिएर आउने पीडितको ठाडो उजुरीसमेत लिने गरेको छ । त्यस उपर प्रहरीले आवश्यक काम कारबाही अघि बढाई विभागलाई न्याय सम्पादनमा सहयोग गर्दै आइरहेको छ । पछिल्लो समय वैदेशिक रोजगारीको नाममा म्यानपावरभन्दा पनि व्यक्तिगत ठगीको घटना बढ्दो रहेको छ । युरोप, अमेरिकालगायत विभिन्न मुलुकमा रोजगारीका लागि पठाउने भन्दै लाखौं रूपैयाँ असुलेर एजेन्टहरू फरार हुने गरेका कारण विभागमा व्यक्तिगत ठगीका उजुरी आउने गरेको बताइन्छ ।

वैदेशिक रोजगारीको नाममा विभिन्न माध्यमबाट ठगी गर्ने गिरोह नै सक्रिय रहेका कारण इजाजतपत्र प्राप्त संस्थाहरूबाहेक अन्य संस्था तथा व्यक्तिहरूको झूठा आश्वासन र प्रलोभनमा नपर्न पनि विभागले आग्रह गरेको छ ।

**फेइम्स प्रणाली अवरुद्ध**

वैदेशिक रोजगार विभागले मंगलबार बेलुकादेखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स) अवरुद्ध हुने जनाएको छ। विभागले अर्को निर्णय नभएसम्म अनलाइनमार्फत फेइम्समा हुने श्रमसम्बन्धी सबै गतिविधि अवरुद्ध हुने उल्लेख गरेको छ ।

विभागले मंगलबार एक सूचना जारी गर्दै श्रम स्वीकृति एवं नवीकरणलगायतका आवेदन दिने प्रक्रिया अवरुद्ध हुने जानकारी दिएको छ । विभागको फेइम्स प्रणालीमा फाइल सर्भर माइग्रेट गर्नुपर्ने भएका कारण नयाँ फाइल अपलोड गर्न नमिल्ने भन्दै श्रम स्वीकृतिसम्बन्धी आवेदन पनि पेस नगर्न आग्रह गरिएको छ । यसअघि श्रम स्वीकृतिको आवेदन दिइसकेका सेवाग्राहीहरूले भने सेवा प्राप्त गर्न सक्ने बताइएको छ । कारणबस श्रम स्वीकृतिको आवेदन अस्वीकृति भएमा पुनः आवेदन दिन पाइने छैन । त्यसका लागि फेइम्स प्रणाली पुनः सञ्चालनमा नआउञ्जेल गर्न पर्खनुपर्ने भएको छ ।

## 'मलेसियाबाट फर्किने कामदारलाई निःशुल्क टिकट'

**काठमाडौं (प्रस)-** प्रवासी नेपाली मञ्च मलेसियाले विविध कारणले समस्यामा परेका कामदारलाई स्वदेश फर्किन निशुल्क हवाई टिकट उपलब्ध गराउने घोषणा गरेको छ । मञ्चका अध्यक्ष दयाराम कुमालले मलेसियामा अलपत्र भई घर फिर्तिका लागि समस्यामा रहेका कामदारहरूलाई एकतर्फीरूपमा वार्षिक ६० वटा टिकट निःशुल्क उपलब्ध गराउने घोषणा गरेका हुन् ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाको आठौं अधिवेशनका अवसरमा कुमालले वार्षिक रूपमा ६० वटा हवाई टिकट निःशुल्क उपलब्ध गराउने बताए । उनले नेपाली दूतावास र एनआरएनए मलेसियासँग समन्वय गरेर टिकट उपलब्ध गराउन मञ्च तयार रहेको बताए ।

प्रवासी मञ्च नेकपा एमालेनिकट मलेसियामा रहेका नेपालीहरूको साझा संस्था हो । मञ्चले अप्ठ्यारोमा परेका गैरआवासीय नेपालीलगायत रोजगारीका लागि मलेसिया पुगेका कामदारहरूलाई सहयोग गर्दै आइरहेको बताइन्छ ।




## पूर्वप्रधानमन्त्री देउवाले भने-

# जातीय विविधता नेपालको पहिचान




■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जातीय विविधता नेपालको पहिचान भएको बताएका छन् । नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघले २९औं विश्व आदिवासी दिवसको अवसरमा मंगलबार राष्ट्रिय सभागृहमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले उक्त कुरा बताएका हुन् ।

'नेपाल प्राकृतिक रूपमा मात्रै सुन्दर छैन । जातीय विविधता, भाषिक, विविधता र सांस्कृतिक विविधताले झनै सुन्दर बनाएको छ,' उनले भने । आदिवासी जनजातिहरूलाई अधिकार सम्पन्न बनाउने नीति नेपाली कांग्रेसको रहेको पनि सभापति देउवाले प्रस्ट पारे । विश्व आदिवासी दिवसले नेपाल तथा विश्वका आदिवासीहरूको अधिकार स्थापित गराउन र एकताका लागि महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ ।

कांग्रेस महामन्त्री गगनकुमार थापाले विश्वका आलिदवासीहरूको अवस्था देश, भूमण्डलीयकरण र परिस्थितिअनुसार फरक-फरक रहेको बताए । पछिल्लो समय रैथाने आदिवासीहरूको पहिचान, संस्कार, संस्कृति, इतिहास खतरामा पर्दै आएकोप्रति सचेत हुनुपर्ने उनले औंल्याए । नेपाली कांग्रेसले अवलम्बन गरेको उदारवादी लोकतान्त्रिक व्यवस्थाले आदिवासी जनजातिहरूको हक सुनिश्चित गर्न सहयोग पुगेको उनले दाबी गरे ।

महासंघका पूर्वमहासचिव प्रा.बालकृष्ण मावोहाङले विगतमा राज्यले विभेदमा पारिएका आदिवासी समुदाय आज अधिकारका लागि लडिरहेको बताए । उनले २ ९औं अन्तर्राष्ट्रिय आदिवासी दिवसको औचित्यताबारे प्रस्ट पारेका थिए ।

महासंघका अध्यक्ष ओमबहादुर घर्ती मगरको अध्यक्षता सम्पन्न कार्यक्रममा कांग्रेसका सांसदहरूका साथै विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमअघि विभिन्न आदिवासीहरूको पहिचान झल्कने झाँकीसहितको ऱ्याली निकालिएको थियो । विश्व आदिवासी दिवस आज अगस्ट ९ का दिन विश्वभर मनाइँदै छ ।

# 'पुरानै ढंगबाट अघि बढे राजनीतिक प्रणालीमै क्षति हुनसक्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले अबको पाँच वर्षम पुराना भनिएका राजनीतिक दल र निर्वाचित जनप्रतिनिधि पुरानै ढंगबाट अघि बढे राजनीतिक प्रणालीले नै नोक्सानी बेहोर्नुपर्ने बताएका छन् । मंगलबार नेपाल प्रेस युनियन काठमाडौं शाखाको नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिन आयोजित कार्यक्रममा सिटौलाले यस्तो धारणा राखेका हुन् ।

उनले २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनपछि पनि जनताले परिवर्तनको अनुभूति गर्न नपाएको भन्ने गुनासो बढेको बताए । राजनीतिक दल तथा निर्वाचित जनप्रतिनिधि बितेको पाँच वर्षको जस्तै गरेर पुरानै ढंगबाट अघि बढे राजनीतिक प्रणालीले नै नोक्सानी बेहोर्नुपर्ने उनको धारणा थियो ।

'देशमा परिवर्तन आयो, संविधान बन्यो, गणतन्त्र आयो, तर जनताले हामीले के पायौं भनेर प्रश्न गर्न थालेका छन्, जनताको गुनासो बढेको सुनिन्छ, राजनीतिक दलहरूले सुन्नु पर्दैन ?, जनप्रतिनिधिहरूले जनताको गुनासो सुन्नु पर्दैन ?,' सिटौलाले भने, 'बितेको पाँच वर्षमा जस्तै गरेर चल्ने हो भने अबको पाँच वर्षमा राजनीतिक सिस्टमले नै नोक्सानी बेहोर्नुपर्ने अवस्था आउन सक्छ, त्यसतर्फ परिवर्तनका पक्षमा उभिएका राजनीतिक दलले ध्यान दिनुपर्छ, निर्वाचित जनप्रतिनिधिले ध्यान दिनुपर्छ ।'

सिटौलाले संविधान कार्यान्वयनमार्फत जनतालाई लोकतन्त्रको अनुभूति दिलाउनुपर्ने बताए । 'जनताले महसुस गर्नुपर्छ कि परिवर्तन भयो, संविधान र संविधानबमोजिमको राज्यव्यवस्थाबाट यो-यो कुरा प्राप्त भयो, किसानले खुसी मान्ने ठाउँ आओस्, त्यसलाई प्रेस, कर्मचारी जगत, समग्र नेपाली जनताले महसुस गर्न पाउनुपर्छ,' सिटौलले थपे । उनले अहिले सत्ता पक्ष र प्रतिपक्षको उद्देश्य सत्ता जोगाउने र सत्ता बदल्ने तर्फमात्र केन्द्रित देखिएकोसमेत बताए । 'अहिले सत्ता र प्रतिपक्षको उद्देश्य कसरी सत्ता प्राप्त गर्ने र कसरी सत्ता बदल्ने भन्ने मात्र देखिन्छ, सत्ता टिकाउने र सत्ता गिराउनेभन्दा फरक सोच संसद्मा प्रस्तुत भएकै पाउँदिनँ,' उनको भनाइ थियो ।

उनले दलहरूले जनताको हितमा काम नगर्दासम्म जनताले परिवर्तनको अनुभूति गर्न नपाउने बताए । 'दलहरूले एउटा साझा दृष्टिकोण बनाएको देखिँदैन, निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्य उपचार, आवासको हक, रोजगारीको हक, स्वच्छ पिउने पानीको हक जस्ता संविधानमा रहेका मौलिक हक कार्यान्वयनबारे कसैको चासो देखिँदैन, श्रमिकका विशेष अधिकार, किसानका विशेष अधिकारका कुरा ओझेलमा छन् ।' सिटौला संविधान मस्यौदा समितिका सभापतिसमेत हुन् । संविधान कार्यान्वयनको अवस्था फितलो भएको भन्दै उनले जनताको आर्थिक जीवनमा परिवर्तन ल्याउँछौं भन्ने संकल्पका साथ संविधान ल्याइएको तर्क गरे ।

'आर्थिक, सामाजिक, सांस्कृतिक हरेक कारणले पछि परेको वर्गलाई अगाडि ल्याउछौं भनेर संविधान बनायौं, व्यक्तिगत अधिकार, सामूहिक अधिकारको रक्षा गर्ने, आस्थाको स्वतन्त्रता, राजनीतिक मूल्य मान्यताको रक्षा गर्ने, गरिब जनताको आर्थिक जीवनस्तर उकास्ने भनेर हामीले संविधान ल्याएका हौं, त्यसका लागि हामी जवाफदेही छौं, हामी जिम्मेवार छौं भन्ने यो संविधानको मर्म हो,' सिटौलाले भने ।

कार्यक्रममा पूर्वरक्षामन्त्रीसमेत रहेका कांग्रेस नेता भिमसेनदास प्रधानले संविधानको निर्माणमा अभिभावक बनेको कांग्रेसले नै संविधानको संरक्षण गर्ने अभिभावकत्व लिनुपर्ने समय आएको बताए । यस्तै प्रेस युनियन काठमाडौंका अध्यक्ष महेश गौतमले संविधान बनाउन भूमिका खेलेका राजनीतिक दलले नै पूर्ण प्रेस स्वतन्त्रताका पक्षमा खुलेर वकालत गर्न नसकेको र प्रेस जगत सधैं असुरक्षित रहँदै आएको धारणा राखे ।

## अविरल वर्षापछिको...

पृष्ठ १ बाट जारी

पहरी, नाति मिलन र नातिनी दिव्या पहरी छन् ।

### काठमाडौं जलमग्न

मंगलबार काठमाडौंका विभिन्न क्षेत्रमा डुबान भयो । भारी वर्षात्का कारण काठमाडौं उपत्यकाका ढुंगेधारा, गौरीघाट, गुह्वेश्वरी, कपन, सामाखुसी, अनामनगरलगायतका क्षेत्र डुबानमा परेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले बताए ।

यसैगरी भारी वर्षाका कारण सडक, घर, विद्यालय क्षेत्र जलमग्न हुँदा जनजीवन प्रभावित भएको थियो । काठमाडौं उपत्यकाको बूढानीलकण्ठ, सुन्दरीजल, नगरकोट आसपासमा भारी वर्षा भएका कारण उपत्यका भएर बग्ने खोला तथा नदीमा पानीको बहाव बढेको प्रहरीले जनाएको छ । विष्णुमती, धोबीखोला, मनोहरालगायतमा जलसतह बढेकाले बिहान ११:०० बजेसम्म उच्च सतर्कता अपनाउन बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको थियो ।

बाढीकै कारण काठमाडौंको सामाखुसीको रेडन कलेज आसपासका बस्ती, कपनको निलो पुल र मुलपानी क्षेत्र डुबानमा परेका थियो । यसैगरी भक्तपुर ललितपुरका विभिन्न क्षेत्र पनि डुबानमा परेको थियो ।

### बनेपाको पुलबजार पनि डुबान

काभ्रेको बनेपास्थित पुल बजार क्षेत्र पनि डुबानमा पऱ्यो । पुण्यमाता खोलामा आएको बाढीले पुल बजार क्षेत्र डुबानमा परेको हो । अघिल्ला वर्षहरूमा झैं बाढीले खोलाको सतह पार गर्दा सोमबार बिहान पुल बजार क्षेत्र डुबानमा परेको काभ्रे प्रहरीले जानकारी दिएको छ ।

बजारका सडक आसपासका घर-पसल जलमग्न भए । बाढीले राति ३ बजेदेखि नै सडक अवरुद्ध बनाएको थियो । बाढीले सडक अवरुद्ध हुँदा अरनिको राजमार्ग र बिपी राजमार्ग चल्ने सवारीसाधन र यात्रु प्रभावित भएका थिए ।

### नारायणी नदी सतर्कता तह माथि

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को सिमाना हुँदै बग्ने नारायणी नदीले सतर्कता बिन्दु पार गऱ्यो । जल मापन केन्द्र देवघाटले जनाएअनुसार नदीले मंगलबार साँझ ७ बजे सतर्कता बिन्दु पार गरेको हो । देवघाटको जलमापन केन्द्रका अनुसार नारायणी नदीमा ७.३४ मिटर पानीको सतह पुगेको थियो । देवघाटमा ७.३ मिटर पानीको सतह पुग्दा सतर्कता तह मानिन्छ । नदीमा यस वर्षकै उच्च पानीको सतह पुगेको मापन केन्द्रले जनायो ।

नारायणी नदीको जल मापन केन्द्रमा पानीको सतह नौ मिटर पुगेपछि खतराको तह मानिन्छ ।



**अविरल वर्षाका कारण महोत्तरीको बर्दिबास नगरपालिका क्षेत्रमा मंगलबार डुबानमा परेको बस्ती ।**

*तस्बिर: गोपालप्रसाद बराल/रासस*

### खोलाले बगाउँदा एक जनाको मृत्यु

धनुषामा खोलाले बगाउँदा एक जनाको मृत्यु भएको छ भने दुईजना बेपत्ता भएका छन् । मिथिला नगरपालिका-२ मा बसही खोलाले बगाउँदा सोही वडाका १४ वर्षीय बालक अजय यादवको मृत्यु भएको हो ।

स्थानीय र प्रहरीले बालकलाई उद्धार गरे पनि उपचारका क्रममा बालकको मृत्यु भएको हो । बिहान शौच गर्न गएका बालक खोलाको छेउबाट चिप्लेर लडेका थिए । खोलामा बालक डुबेको खबर पाउन साथ घटनास्थल पुगेका नकटाझिज सशस्त्र प्रहरी बेस क्याम्पका इन्सपेक्टर सुदर्शन खतिवडा नेतृत्वको प्रहरी टोलीले उनको उद्धार गरेको थियो ।

उद्धार गरी महेन्द्रनगरस्थित अस्पतालमा पुऱ्याएको भए पनि गम्भीर अवस्थाका यादवको उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक दीपक कार्कीले जानकारी दिए । यादवको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ ।

त्यसैगरी धनुषामा कमला नदीको बाढीले बगाउँदा एक महिला एक पुरुष बेपत्ता भएका छन् । बेपत्ता हुनेमा गणेशमान चारनाथ नगरपालिका-७ का ३५ वर्षीय साजन परियार र उनकी श्रीमती ३० वर्षीया माया परियार छन् । कमला नदीमा बगेको दाउरा निकाल्ने क्रममा उनीहरूलाई बाढीले बगाएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक विक्रम साहले जानकारी दिए ।

### म्याग्दीका मुख्य सडक अवरुद्ध

म्याग्दी जिल्लाका प्रमुख सडक अवरुद्ध भएका छन् । अविरल बर्सातका कारण सदरमुकाम बेनीदेखि छिमेकी जिल्ला मुस्ताङ र म्याग्दीका ग्रामीण क्षेत्र जोड्ने सडकमा यातायात प्रभावित भएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीका प्रमुख राजेन्द्र पौडेलले रघुगंगा गाउँपालिका-२ बैसरी र अन्नपूर्ण गाउँपालिका-२ नौनीबगरको पहिरोले बेनी-जोमसोम सडक अवरुद्ध बनेको बताए । बेनी-जोमसोम र बेनी–दरवाङ म्याग्दीका प्रमुख सडक हुन् ।

### सडक भासिँदा पृथ्वीराजमार्ग अवरुद्ध

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको दमौली-डुम्रे सडकखण्ड अवरुद्ध भयो । व्यास नगरपालिका-१२ स्थित छिर्कने नजिक मंगलबार दिउँसो सडक भासिँदा अवरुद्ध भएको हो । सडक अवरुद्ध बनेपछि राजमार्ग भएर गुड्ने सवारीसाधन रोकिन पुगेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

हाल मोटरसाइकल र एम्बुलेन्सका लागि मात्रै आवतजावतको व्यवस्था मिलाइएको तनहुँका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अवदेश बिष्ट क्षेत्रीले जानकारी दिए । घटनास्थलमा पुगेका प्रहरीले सडक सञ्चालन गर्न समय लाग्ने देखिएको जानकारी गराएको क्षेत्रीले बताए । ठूला सवारीसाधन आवतजावतमा समस्या हुने देखिएकाले वैकल्पिक मार्ग प्रयोग गर्न तनहुँ प्रहरीले आग्रह गरेको छ ।

### बिपी राजमार्ग एकतर्फी सञ्चालनमा

बाढीले पुल बगाउँदा अवरूद्ध वीपी रागमार्ग एकतर्फी रूपमा सञ्चालनमा आएको छ । रोशी-११ भ्याकुरे खोलामा अबरुद्ध भएको सडक लगातार ६/७ घण्टाको निरन्तर प्रयासपछि वीपी राजमार्ग एकतर्फी रूपमा सञ्चालनमा आएको रोशी गाउपालिका अध्यक्ष दिनेश लामाले जानकारी दिए ।

### कति क्षति ?

गृह मन्त्रालयका प्रवक्ता तथा सहसचिव नारायणप्रसाद भट्टराईका अनुसार बाढीपहिरोका कारण हालसम्म कूल ११ लाख २५ हजार रूपैयाँ बराबरको क्षति भएको छ । देशभरका एक दर्जन जति स्थानमा पहिरो गई राजमार्ग अवरुद्ध भएको मन्त्रालयले जनाएको छ ।

बाढीपहिरोको घटना तथा क्षति भएका विषयमा जानकारी आइरहेको र कतिपय ठाउँका मुख्य राजमार्ग पुन: सञ्चालनका लागि पहल भइरहेको प्रवक्ता तथा सहसचिव भट्टराईले बताए ।

## तीन नेतासँग...

पृष्ठ १ बाट जारी

माओवादी केन्द्रका सांसद राजन दाहालले दिएको अभिव्यक्तिपछि संसद् अवरोध गरेको थियो ।

त्यसबेला पनि ओलीलाई बालुवाटार बोलाएर प्रधानमन्त्री दाहाल र देउवा बसेर संवाद भएसँगै संसद् खोलिएको थियो । प्रधानमन्त्री दाहाल संसद्बाटै ओलीको बचाऊ गर्न बाध्य भए ।

त्यसपछि निर्वाध चलेको संसद् एमालेले फेरि २५ असारमा प्रधानमन्त्रीकै अभिव्यक्तिका कारण अवरोध गरेको थियो । पछिल्लोपटक भने १०० केजी सुन प्रकरणको छानबिनका लागि उच्चस्तरीय समिति गठनको माग राखेर अवरोध गर्दै आएको छ । जबकि, एमालेले आफ्नै नेता कार्यकर्ता बढी संलग्न देखिएको ८७५ जनाभन्दा बढी नेपाली नागरिकलाई नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने बहानामा ठगी गरेको काण्डमा उच्चस्तरीय छानबिन समिति गठनको माग गरेन ।

तर, सुनकाण्डको भने उच्चस्तरीय समिति गठन आवश्यक रहेको एमालेको ठहर छ । त्यही भएर मंगलबार पनि गृहमन्त्री नारायणकाजी श्रेष्ठले जवाफ दिएलगत्तै एमालेले नाराबाजी गर्दै संसद् अवरोध गऱ्यो । अन्ततः सभामुख देवराज घिमिरेले संसद् बैठक कार्यसूचीमै प्रवेश नगराई स्थगित गरे ।

सोहीक्रममा एमाले संसदीय दलका सचेतक महेश बर्तौलाले भने, 'सरकार जवाफदेहीपूर्ण ढंगबाट प्रस्तुत हुन सकेन । सरकारको प्रभावमा सिआइबी राख्न खोजिएको छ । त्यसकारण स्वतन्त्र निष्पक्ष छानविन समितिको माग हामीले उठाएका हौं ।'

यसरी ओली नेतृत्वको दल एमालेले लगातारजसो संसद् अवरोध गरिरहने र प्रधानमन्त्री दाहाल र देउवाले ओलीलाई बोलाएर संवाद गर्ने, सहमति भए संसद् खोल्ने प्रवृत्तिप्रति लामिछाने नेतृत्वको रास्वपामात्रै होइन, राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा पनि असन्तुष्ट छ ।

लिङ्देनले संसद्लाई तीन नेताले पछि लगाएको गम्भीर टिप्पणी गरेका छन् । उनले संसद्मा अरु दल पनि छन् भन्ने स्वीकारिनुपर्ने बताए । तीन दलका नेताले संसद्बारे जस्तो कदम चाल्छन्, त्यही सरासर नमान्ने पनि चेतावनी दिए ।

'तीन दलका नेताहरूको साउती र वार्ताका नाममा संसद्लाई बन्धक बनाउन पाइँदैन,' उनले संसद्मा भने, 'हामी तीन दलका नेताको पछि पछि लुरु लुरु हिँड्न बाध्य छैनौं ।'

संसद्मा एक सिटे दल नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीलगायत नेताले पनि लामिछाने र लिङ्देनले जसरी तीन दलले संसद् बन्धक बनाएको पनि आलोचना गर्दै आएका छन् ।

यतिसम्मकी उनीहरूले कानुन बनाउने सार्वभौम संसद्लाई पेवा ठान्न नहुने भन्दै आक्रोश पनि घरिघरी पोख्ने गरेका छन् ।

तर, उनीहरूको आक्रोश निष्प्रभावी हुने गरेको छ । ठूला तीन दलका नेताले नसुनेझैं गर्दै आएका छन् । अर्थात्, गत वर्षको मंसिरमा चुनाव हुनुअघि देउवा, ओली र प्रचण्ड 'नो नट अगेन' अभियानको तारोमा परे पनि तिनै नेताहरू अहिले संसद्मा मात्रै होइन, राष्ट्रिय राजनीतिको चाबी पनि उनीहरूकै हातमा रहेको टिप्पणी हुने गरेको छ ।

## उच्चस्तरीय छानबिन...

पृष्ठ १ बाट जारी

ब्ल्याक मेलिङ' गर्ने खालको भएको टिप्पणी गर्दै एमाले प्रमुख सचेतक पदम गिरीले उच्चस्तरीय छानबिन समिति अनिवार्य हुने बताएका छन् । उनले गृहमन्त्री श्रेष्ठकै पालामा २२ पटक रेडी ट्रेडर्सको नाममा क्विन्टलका क्विन्टल सुन नेपाल भित्रिनुलाई निकै गम्भीरताका साथ लिनुपर्ने उल्लेख गरे ।

'उहाँकै पालामा २२-२२ पटक रेडी ट्रेडर्सको नाममा क्विन्टलका क्विन्टल सुन भित्रिएको छ । गिरोहले उद्योग नै चलाएर बसेका छन् । प्रधानमन्त्रीलाई १० दिनअघि सुन ल्याउने जानकारी छ,' उनले भने, 'तर, गृहमन्त्री अनदेखा गरेर बस्नुहुन्छ । त्यसैले यसमा उच्चस्तरीय समितिको आवश्यकता छ ।'

कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले भने संसद्को सार्वजनिक लेखा समितिलाई क्विन्टल सुनकाण्डको अनुसन्धान गर्ने कार्याधिकार दिँदा उपयुक्त हुने प्रस्ताव गरे । तर, माओवादी सांसद देवेन्द्र पौडेल भने कुनै पनि समिति गठन गर्ने वा कार्याधिकार कुनै संसदीय समितिलाई दिन नहुने पक्षमा छन् ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### विपद्को तयारी खै ?

साउनको अन्तिम हप्ता लाग्दामात्र यसपालि भारी वर्षा भयो मंगलबार । रातिबाटै भएको वर्षबाट एकैचोटि विभिन्न क्षेत्र डुबानमा पऱ्यो । यतिमात्र हैन वर्षाकै कारण बाढीपहिरो आउँदा विभिन्न क्षेत्र पुग्ने सडक अवरुद्ध भयो, त्यो पनि एकैसाथ । मंगलबारको बाढी र पहिरोमा परी दुई जनाको मृत्यु भएको नेपाल प्रहरीको रिपोर्टमा उल्लेख छ । साँझसम्मको रिपोर्टमा सात जना बेपत्ता भएका छन् । बेपत्ता भएकाहरू भेटिने कुनै छाँट छैन । हुन त बाढी नआउँदै राजधानीको सानो खोलामै खसेर मान्छे बेपत्ता हुने देशमा मकवानपुर र धनुषाजस्ता विकट ठाउँबाट बेपत्ता भएकाहरू के भेटिएला र ? तर पनि परिवारमा लास नभेटिन्जेल आश त रहन्छ नै ।

बाढीले काठमाडौंका केही क्षेत्र, पर्सा वीरगञ्जका केही क्षेत्र, भक्तपुरका केही क्षेत्र र बनेपाको पुलबजार क्षेत्र डुबानमा पाऱ्यो । घाम लागेपछि विस्तारै पानीको सतह घटिसकेको छ । यद्यपि, मध्यरातमा आउने बाढीपहिरोमा परे जोगाउने सरकारको कुनै पूर्वतयारी छैन । विपद्पूर्व तयारी आजको आवश्यकता हो । विकसित देशमा डुंगा पल्टेर समुद्रमा डुबे के गर्ने भन्ने विषयमा तालिम हुन्छ । हाम्रोमा खोलामा फसे कसरी जोगिने भन्ने तालिमसमेत दिइँदैन सर्वसाधारणलाई । यतिमात्र हैन फसेका व्यक्तिलाई शीघ्र उद्दार गर्ने व्यवस्थासमेत छैन । सबै भर प्रहरीको पर्नुपर्छ । जबकि प्रहरीसँग पनि उद्दारको कुनै पूर्वतयारी हुन्न । सशस्त्र प्रहरी, नेपाली सेनासँग यसबारे अधिक ज्ञान र जनशक्ति भए पनि ती उद्दार कार्यमा आइपुग्न झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्छ ।

यसपटकको बाढीबाट सरकारले सिक्नुपर्ने अर्को पाठ हो, महँगी र महामारीको । सहरी जीवन सडकमा निर्भर भइसकेको छ । बाढीले सडक अवरुद्ध पार्दा तरकारीदेखि खाद्यन्न रोकिन्छन् । जसले गर्दा जनघनत्व भएको ठाउँमा खाद्यन्न वस्तुको अभाव हुन जान्छ । यसले एकै दिनमा महँगी बढ्न सक्छ । यतिमात्र होइन विभिन्न क्षेत्रबाट बगेर आएको फोहोरका कारण महामारीसमेत निम्तन सक्छ । सडक अवरुद्ध हुँदा सहरी क्षेत्रका फोहोर 'डम्पिङ साइट'मा नपुग्दा यसले अर्को महामारी फैलिन सक्छ । यसैले यी विषयमा सरकारले बेलैमा तयारी गर्नुपर्छ । अर्को कुरा मानवीय जोखिम कम गर्न सरकारले अब मौसम पूर्वनुमानको संयन्त्रमा अझ लगानी बढाउनुपर्ने देखिन्छ । अनि ग्रामीण क्षेत्रमा खतरापूर्ण ठाउँमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा सार्ने कार्यक्रमहरू पनि अघि सार्नुपर्दछ । सरकार सिर्फ बजेट बाँडफाँडमा अल्मलिने र नयाँ कार्यक्रमको ढ्वाङ फुक्ने हैन । यस्तै सामान्य विषयमा व्यवस्थापन गरी विपद्को तयारीमासमेत लाग्नुपर्छ ।

## मननयोग्य

### चाणक्य नीति

पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो । शकटारसँग भने- तात । कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैँ गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु ।

शकटारले जवाफ दिए- 'पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ । तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ ।' यति भनी शकटार दरवारतिर हिंडे ।

विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै ।

कुटीदेखि टाढा रथ रोकिएको आवाजले विचारधारा भंग भयो । शकटार आइरहेका रहेछन्, चोणक्य उनको प्रतीक्षामा थिए । शकटारलाई प्रणाम गरी रथमा चढेर उनकै साथ राजभवनतिर प्रस्थान गरे ।

मगधको राजपथ सफा पीडा दुवैतिर ठूलाठूला वृक्ष छाया दिएका निकै अगाडि पुगेपछि उनीहरू सहरी क्षेत्रमा प्रवेश गरे ठूलाठूला बाटा, रामा बादली र बज्रले निर्मित भवन, बाटामा नानारंगका वस्त्र लगाएका नागरिकले मगधको भव्यतालाई प्रदर्शन गरिरहेका थिए । बिहानी समय हुँदा मन्दिरमा घण्टको मीठो ध्वनि, बेदमन्त्रका उच्चारणको स्वर सुनिन्थ्यो। सूर्य पनि आफ्नो ताम्रवर्ण छाडेर पूर्ण तेजिलो रूपमा आइसकेका थिए ।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए । १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियी. भन्ने पतै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए ।

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो । राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा । व्यवस्थित ठाउँमा बगैँचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो । राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए । रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे । पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले । शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे । क्रमशः

# कहिलेसम्म पहिचानकै खोजी ?



डा. दीपेन्द्र रोकाया

वैज्ञानिक समाज विज्ञान प्रविधिको सहायताले अरू ग्रहहरूमा मानव अस्तित्वको खोजीमा छ । तर, नेपाली समाजमा मानवशास्त्रीय अध्ययन पनि राम्ररी हुन सकेको छैन । यसले गर्दा समाजमा पहिचानको संकट अहिलेसम्म देखापर्ने गरेको छ । 'म यो समुदायको हुँ' भन्दा पनि पहिचान दिन गाह्रो मान्ने राज्य व्यवस्था अझै छ । यस विषयमा हुम्लाका 'जाड' र 'व्यासी' का बारेमा सोधखोज गर्न खोजिएको छ ।

हुम्लाको जडान क्षेत्रका भोटचा लामा र तामाङ थर लेख्ने तथा बीच भागमा बसोबास गरेका व्यासी जनजाति हुन् । जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजाति हुन् । जनजाति नेता सुरेश आलेमगरका अनुसार सामान्यतयाः सामूहिक जीवनपद्धति एवं मातृ सत्तात्मक समाजका केही अवशेषहरू विद्यमान रहेको र हालसम्म पनि पिछडिएको अवस्थामा रहेकालाई जनजाति भनिन्छ । आदिवासी जनजाति महासंघको वर्गीकरणमा भोटचा समुदाय सीमान्तकृत समूह र व्यासी सुविधा वञ्चित समूहमा पर्दछन् ।

**दरा खोलाको पहिचान**

तिल, हल्जी र जाङका तीन गाउँलाई लिम्याल भन्ने गरिन्छ । लिमी नेपालीकरण गरिएको शब्द हो । भोटचा भाषामा लेमी भन्ने हुन्छ । 'ले' को अर्थ दुई खोलाको बीच र 'मी' को अर्थ मान्छे भन्ने हुन्छ । शाक्य र लिङ खोलाको बीचमा गुम्बापोक नै लेमीको केन्द्र हो । लेमीबासी त्यस ठाउँलाई छाम्जो भन्दछन् ।

तांगिनदेखि केर्मीसम्मका आठ गाउँलाई साठी खोल्या भनिन्छ । सायद यस क्षेत्रमा साठी खोला छन् । याल्बाङदेखि यारीसम्मको सात गाउँलाई सात थपाल्या भनिन्छ । बुराउँस्यादेखि दोजामसम्मका गाउँहरूलाई बार्थपाल्या भन्ने गरिन्छ । विशेष बरगाउँको प्रभावले बर्थपाल्या हुँदै बार्थपाल्या भन्ने गरिएको छ । बराई, रादेउ-फुचा, भुवा-कल्लास र पुमाको चार गाउँलाई चार थपालो भन्ने गरिन्छ । चरिगाउँदेखि नेप्कासम्मका गाउँहरूलाई छविस दरा भन्ने गरिन्छ । दार्म क्षेत्रलाई देउली दरा भनेर चिनिन्छ । गल्बा दरालाई पन्धविस्या भन्ने चलन छ । यस प्रकारले तल्लो क्षेत्रलाई ताँजा मैला दरा भन्ने गरिन्छ । उनापानीदेखि खगालगाउँसम्म स्याँलीपाखा भनिन्छ भने गोप्कादेखि खर्प्याल गाउँसम्मलाई पारी पाखा भन्ने गरिएको छ ।

पुरानो हुम्लाको यो पहिचान अहिले राजनीतिक रूपमा एक संघीय निर्वाचन क्षेत्र, दुई प्रदेश र सात पालिकाको रूपमा चिनाउने प्रयास भएको छ । प्रदेश (क) मा सर्केगाड, चंखेली, अदानचुली र ताँजाकोट पर्दछन् भने प्रदेश (ख) मा नाम्खा, सिमकोट र खार्पुनाथ पर्दछन् ।

**जाड-व्यासीको पहिचान**

पूर्वसांसद छक्कबहादुर लामाले पहिचानको सवालमा आफू यार्सागुम्बा जस्तो भएको बताउँदै आउनुभएको छ । उहाँले आफू छवाङबाट कसरी छक्कबहादुर भएँ भन्ने कुरा लेख्दै र भन्दै आउनुभएको छ । २०८० वैशाख ३ गते नाम्खा गाउँपालिकाको केन्द्र याल्बाङमा मैले नाम्खावासीसँग प्रश्न गरेको थिए, 'के भोटका सबै वासिन्दा लामा हुन् ?' केर्मी पुग्दा त्यहाँका शिक्षकहरूले गहिरो गरी चासो व्यक्त गर्नुभयो । तातोपानी आधारभूत विद्यालयका शिक्षकहरू कुन्साङ, पेमा थार्चेन र फुन्जोकले सोही प्रसंग उठाउनुभयो । छलफलमा केर्मीका पूर्ववडाध्यक्ष डाब्ला, समाजसेवी कालीबहादुर, स्थानीयवासी सुनाम दोर्जी र उज्ज्वल थपिनुभयो ।

भोटका सबै नागरिकलाई अहिलेसम्म सबैलाई लामा र कसैकसैलाई तामाङ लेख्न लगाइएको छ । वास्तवमा लामा त गुम्बाको प्राज्ञिक पद हो । छलफलबाट थाहा भयो कि भोट क्षेत्रमा बसेका लामा र तामाङ थर लेख्नेहरूले आफ्नो पहिचानसहितको थर लेखाउन चाहने रहेछन् । तर, प्रशासनले त्यो थरलाई मान्यता नदिँदा उनीहरू पहिचानपीडित भएका रहेछन् । यसले आत्मसम्मानमा ठेस लागेको रहेछ ।

त्यसो भए भोटचा समुदायको थर के हो ? भनी सोधखोज गर्नुपर्ने भयो । नाम्खाका बुद्धिजीवी सूर्य लामाका अनुसार मुचु गाउँमा ठकी, टेवा, दार्वा, ग्याल्युतलगायत छन् । धाँ टोलका अनुसार चाला गाउँमा रावा, ग्यालग्युत, दार्वा, टेवा र छत्याल छन् । थुप्देन ग्याप्चो लामाका अनुसार तुम्कोटमा खुन्दुङ, टेवा, ग्याल्युत र भण्डारी छन् । यस्तै यारी र न्याममा रहेको पाइन्छ ।

केर्मीका शिक्षक तथा स्थानीय समाजसेवीहरूले दिएको जानकारी अनुसार यांगार गाउँमा टेवा र छत्याल छन् । नाम्खा गाउँपालिकाको केन्द्र याल्बाङमा ग्याल्युत, टेवा र छत्याल छन् । केर्मी गाउँमा टेवा, दार्वा, लुलुकोर्ज्या, रावा, ग्याल्युत, धव, पुयुँ, सेरिङ काप्ताक छन् । च्यादुक गाउँमा टेवा र सेरिङ काप्ताक छन् । गारपारीमा टेवा, दार्वा र पुयुँ छन् । हेप्कामा टेवा, दार्वा र पुयुँ छन् । धिगामा दार्वा, टेवा, ग्याल्युत र पुयुँ छन् । तांगिनमा टिउकेवा, ग्याल्युत र पुयुँ छन् । खगाल गाउँमा ग्याल्युत, टेवा, दार्वा र सेरिङ काप्ताक छन् । खोल्सीमा रावा, फुट्व र पुयुँ छन् ।

आफ्नो समुदायको जानकारी टिपोट गरेको देखेर केर्मीका ६० वर्षीय सुनाम दोर्जीले आफू टेवा भएको जानकारी दिनुभयो । आफूहरू तिब्बतबाट आएको संस्कारगत जानकारी दिँदै प्रत्येक वर्ष माघ १५ गते मानी खेल्ने गरेको र त्यस समयमा सातुको पोतला दरबार बनाएर पूजा गर्ने गरेको बताउनुभयो ।

नेपाली नागरिकता बनाउँदा तिल र जाङ गाउँकाले लामा तथा हल्जी गाउँवासीले तामाङ लेख्ने गरेका छन् । लिमी वडाका अध्यक्ष पाल्जोर तामाङका अनुसार लेख्नेले के लेख्यो ? केही थाहा छैन । यसले के काम गर्छ ? त्यो पनि थाहा छैन भनेर अनभिज्ञता प्रकट गर्नुभयो ।

सिमकोट गाउँपालिकाका प्रथम अध्यक्ष पदमबहादुर लामा र हिमाली भोटचा लामा मोर्चाका नेता नरजङ लामाका अनुसार बुराँउस्यामा दार्वा, टेवा, झेवा, ख्युङ्वा, तोलाम, लासेल र टोङटोत छन् । तोर्पामा झेवा, ख्युङ्बा, खाङसार र पाल छन् । लाङ्दुमा लामा र अमलेखी छन् । हुटिकमा पनि त्यस्तै छ । बरगाउँमा छुवा, डुवा र रोकाया छन् । लिमाटाङ, तुम्लिङ, दोजाम र बैजीबाडा गाउँमा दार्वा, टेवा, खन्ज्या, रोकाया, कल्याल र छत्याल छन् । उल्लेखित गाउँहरूमा कहीँ कतै ठकुरी र क्षेत्रीका थर हुनुको खास कारण ती थरवालाहरूले भोट क्षेत्रका महिलासँग बिहेवारी गरी बस्नु वा टिमा (अवैध सन्तान) जन्माउनुसँग सम्बन्धित छ ।

भोटचा बस्तीको नाम नेपाली भाषामा लेख्नेहरूले शुद्ध लेख्न नजानेको देखिन्छ । अहिलेको बुराउस्या (टाङसेट), बरगाउँ (पारखाङ), तोर्पा (तोत्पा), लिमाटाङ (न्वयटाङ) हो । कोष्ठमा लेखिएको नाम चाहिँ स्थानीय समुदायले भन्ने गाउँको नाम हो । जडान क्षेत्रका गाउँ ठाउँ तिब्बतको विभिन्न ठाउँबाट आई बसेका बस्तीहरू हुन् । बरगाउल्या तिब्बतको पार्का छ्यु, तोर्पचाल कुगा तोत, लिमाटाङी र दोजामी चाङबाट आएका हुन् भन्ने गरिन्छ ।

जसरी केर्मीका कालीबहादुरले आफ्नो थर दार्वा हो भनेर जानकारी दिनुभयो त्यसरी सबैले आफ्नो थर भन्न सकिरहेका छैनन् । जडान क्षेत्रका नेतामध्ये पूर्वसांसद छक्कबहादुरको थर झेवा हो । संविधानसभा सदस्य छिमी दोर्चीको थर तोक्लाम हो । प्रतिनिधिसभा सदस्य छिरिङ डम्दुलको थर खाङसार हो । प्रदेशसभा सदस्य जुम्कितको थर ख्युङ्बा हो । नाम्खा गाउँपालिका अध्यक्ष प्रेमबहादुर लामाको थर दार्वा हो । सिमकोट गाउँपालिका पूर्वअध्यक्ष पदमबहादुरको थर पनि दार्वा हो । हिमाली भोटचा लामा मोर्चाका नेता नरजङको थर तोक्लाम हो ।

यस्तै पहिचानको संकट व्यासीहरूमा छ । व्यासी समुदायमा भोटचा समुदायको जस्तो थर पहिचानमा समस्या छैन । तर, समाजशास्त्रीय अध्ययनअनुसार उनीहरूलाई व्यासी हुन् भनेर वैधानिकता दिइएको छैन । पहिले व्यासीहरूको छुट्टै भाषा थियो, अहिले लोप भएको छ । जन्मदेखि मृत्युसम्मको आफ्नो छुट्टै संस्कार र संस्कृति छ । ठकुरी, बाहुन, क्षेत्री र दलितले गाली गर्दा व्यासी भने पनि जनगणनामा खस क्षेत्रीमा समावेश गर्ने गरेको पाइएको छ ।

यसैले उनीहरूले जिल्ला प्रशासन कार्यालयबाट आफू जनजाति भएको बताउँदा पनि आवश्यक सिफारिस पाइरहेका छैनन् । राज्यको नजरमा दार्चुलाका सौकामात्र व्यासी हुन् भन्ने छ । दार्चुलाका व्यासीहरू आफूहरू 'रङ' भएको बताउँछन् भने हुम्लाका व्यासीहरूले आफूलाई 'थपाल्या' भन्ने गर्दछन् । यो उनीहरूको क्षेत्रगत पहिचानको शब्दावली हो ।

हुम्लाका व्यासी गाउँहरूमा सिमकोट गाउँपालिकाको स्याँडा र साँतामा बुढा, रोकाया, बोहरा र ऐडी बस्छन् । चरी गाउँमा बुढामात्र छन् । खार्पुनाथ गाउँपालिकाको गोप्कामा ऐडी, बुढा र रोकाया छन् । रायामा रावल र बुढा छन् । दुर्पामा बुढा, ऐडी र रोकाया छन् ।

सर्केगाड गाउँपालिकाको भुवा कल्लासमा रोकाया छन् । कुतीमा बुढा छन् । बराइमा रोकाया, बुढाथोकी र ऐडी छन् । रोडिकोट जाब्बारामा बुढा छन् । रादेउमा रोकाया, ऐडी, बुढा र तामाङ छन् । फुचामा ऐडी र बुढा छन् । चंखेली गाउँपालिकाको पुमामा बुढा, ऐडी र रोकाया छन् । चरिगाउँमा बुढा र शिरा छन् । कोर्कामा बुढा छन् । मेल्छाममा बुढा, शिरा र तामाङ छन् । मेखालमा ऐडी, रोकाय र बुढा छन् । नेप्कामा तामाङ छन् । नेप्काका तामाङहरूले आफूलाई कल्याल र बारकोटचा शाही भएको बताउँछन् ।

अदानचुली गाउँपालिकाको डाँडा पाल्समा बुढा, कटेल र गुरुङ छन् । बारीगाउँमा ऐडी, रावल र बोहोरा छन् । पाल्समा पुन छन् । पुन मगर हुन् । तर, व्यासीसँगै बिहेवारी चलाएर बसेका छन् । लिस्याँमा बुढा छन् । ओखाडीमा बुढा छन् । गोरपाटामा कटेल छन् । हिल्सा रुखमा गुरुङ र बुढा छन् । कोटभिटामा बुढा छन् । डमर्कुमा पुन छन् । यसैगरी ताँजाकोट गाउँपालिकाको पाँदामा रोकाया, बुढा, रावल, बोहोरा, ऐडी, बैजी र स्याङ्कु छन् । शेरीमा रोकाया छन् । भदौरामा रावल, बोहोरा र ऐडी छन् । लोटपाटामा बुढा, बैजी र स्याङ्कु छन् । डप्का, चिही र साँतीमा बुढा मात्र छन् । मासपुरमा बुढा र रोकाया छन् ।

**भइरहेको पैरवी**

विगतमा आफू सानो हुन नचाहने, सानो बनाएको देख्न नचाहने र अनावश्यक विभेद सहने पनि त होइन जस्ता कुराले पहिचानका मुद्दा ओझेलमा परेको थियो । समाजमा पौरख देखाउनेहरूले जात बढाउन पाएको पनि देखेका छौं । मुख्य कुरा राज्यसत्तासँगको पहुँच हुनु र नहुनुसँग सम्बन्धित छ । अहिले अभिव्यक्ति स्वतन्त्रता पाइएको छ । तर अभिलेखीकरण गर्ने र प्रमाणित गर्नेहरूले पहिचानको मर्म बुझेका छैनन् । समाजशास्त्री डोरबहादुर विष्टले 'सबै जातको फूलबारी' त्यतिकै लेखेका होइनन् । सम्झना रहोस्, श्री विष्टले खसबारे लेखेको पूर्ववत् धारणा सच्याउने बेला जुम्लाको चौधविश दरा पुगेर पाप पखाल्न पाएको अनुभूति गर्नुभएको थियो । दुःखको कुरा उहाँ त्यहीबाट हराउनुभयो । थप कुरा उजागर हुन पाएन ।

हिमाली भोटचा समुदायका लागि भोटे लामा मूक्ति मोर्चा र थपाल्या व्यासी समुदायका लागि थपाल्या व्यासी मुक्ति मोर्चाले समुदायगत हक हितका लागि आवाज उठाइरहेको छ । यस पंक्तिकारबाट 'खस व्यासी थपाल्याको नलेखिएको इतिहास' प्रकाशित हुँदा धेरैले अचम्म मानेका थिए । थपाल्या व्यासी राष्ट्रिय मुक्ति मोर्चा गठन भएपछि हुम्लामा पनि व्यासीहरू छन् भन्ने बोध सबैतिर भयो । आदिवासी जनजाति आयोगमा सूचीकृत गर्न पहल गर्नेदेखि विभिन्न मञ्चमा थपाल्या व्यासी समुदायको हक हितका पक्षमा पैरवी गर्ने काम भइरहेको छ ।

अझै पनि भोट क्षेत्रका जाडहरूले निर्वाधरूपमा आफ्नो थर उल्लेख गर्ने वातावरण बनेको छैन । यस्तै आफ्नो पहिचानले वैधानिकता नपाउँदा थपाल्या व्यासीहरूले पाउनसक्ने सेवा सुविधाबाट वञ्चित भएका छन् । हुम्लामा जनजाति भनेका लामामात्र हुन् भन्ने पनि भ्रम छ । वास्तवमा भोटचा समुदाय दुई पालिकाको २१ गाउँमा बसोबास गरिरहेका छन् भने उनीहरूको करिब सात हजार जनसंख्या रहेको छ । यस्तै व्यासीहरू छ गाउँपालिकाको ३८ गाउँमा बसोबास गरिरहेका छन् । उनीहरूको जनसंख्या करिव १६ हजार रहेको छ ।

योगी नरहरिनाथका अनुसार कुनै जमानामा कर्नालीको हिमाली क्षेत्रमा वन मान्ठ (मान्छे), पहाडमा कुसुण्डा र तल महाभारत क्षेत्रतिर राउटचाको बसोवास थियो । आज उनीहरूमध्ये एक हुल राउटचा मात्र जीवित छन् । हामी मानव जातिको कुरा गर्नेहरूले सुरुमा पहिचान दिन अभिप्रेरित गर्छौं र गर्नुपर्छ । यसका लागि हरेक क्षेत्रबाट माथि उठाउन समावेशी तथा समानुपातिक प्रतिनिधित्व गराउन लगाउँछौं । उनीहरू र अरू समुदायको बीचमा समुदायगत भिन्नताकै कारण उचनिच छ भने त्यो व्यवहार मेटाउन चाहन्छौं । यसैले समुदायले चाहेको पहिचान दिनलाई सम्बन्धित अधिकारीहरू किन अलमल छन् ? *रासस*

***(लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुन्)***

विगतमा आफू सानो हुन नचाहने, सानो बनाएको देख्न नचाहने र अनावश्यक विभेद सहने पनि त होइन जस्ता कुराले पहिचानका मुद्दा ओझेलमा परेको थियो । समाजमा पौरख देखाउनेहरूले जात बढाउन पाएको पनि देखेका छौं । मुख्य कुरा राज्यसत्तासँगको पहुँच हुनु र नहुनुसँग सम्बन्धित छ । अहिले अभिव्यक्ति स्वतन्त्रता पाइएको छ । तर अभिलेखीकरण गर्ने र प्रमाणित गर्नेहरूले पहिचानको मर्म बुझेका छैनन् ।

हामी मानव जातिको कुरा गर्नेहरूले सुरुमा पहिचान दिन अभिप्रेरित गर्छौं र गर्नुपर्छ । यसका लागि हरेक क्षेत्रबाट माथि उठाउन समावेशी तथा समानुपातिक प्रतिनिधित्व गराउन लगाउँछौं । उनीहरु र अरु समुदायको बीचमा समुदायगत भिन्नताकै कारण उचनिच छ भने त्यो व्यवहार मेटाउन चाहन्छौं । यसैले समुदायले चाहेको पहिचान दिनलाई सम्बन्धित अधिकारीहरु किन अलमल छन् ?

# झरी परेपछि सुत्दैनन् सेहरीवासी

**नवलपुर–** बर्खामा लगातार झरी पर्न सुरु भएपछि नारायणी नदी किनारमा रहेको सेहरी गाउँका स्थानीयको निद्रा हराउँछ । करिब दुई दशकअघि नदीमा आएको बाढीका कारण तत्कालीन नारायणी, कोल्हुवालगायतका गाविसमा ठूलो क्षति पुगेको थियो ।

वि.सं. २०५८ मा नारायणी नदीमा आएको बाढीबाट तत्कालीन नवलपरासीको नारायणी गाविसमा पर्ने सेहरी गाउँमा डुबान तथा कटानका कारण गाउँ नै स्थानान्तरण हुनुपरेको स्थानीयवासी स्मरण गर्छन् । हालको मध्यबिन्दु नगरपालिका–२ मा पर्ने सेहरीका सीताराम महतोले २० वर्ष अगाडिको घटनाका कारण अहिले पनि पानी पर्दा रातिमा निद्रा नलाग्ने गरेको बताए ।

'वि.सं. २०५८ मा नारायणी नदीमा ठूलो बाढी आएको थियो, गाउँमा नारायणी पसेपछि हेलिकोप्टरमार्फत मान्छेको उद्धार गरेको घटना हरेक वर्षको बर्खामा ताजा हुन्छ,' उनले भने, 'त्यो बेला धान रोपाइँ गरिएको सयौं बिघा जमिन, पशुचौपाया, घरमा रहेका अन्नबाली सबैमा क्षति पुऱ्याउँदा भोकमरीको स्थिति सिर्जना भएको थियो ।'

बाढीले गाउँमा क्षति पुऱ्याएपछि स्थानीयहरू नजिकको सुरक्षित स्थान विद्यालय तथा सामुदायिक भवनका साथै आफन्तको घरमा शरण लिन पुगेको महतोले स्मरण गरे । 'अहिले पनि लगातार ठूलो पानी पऱ्यो भने हामी सुत्न सक्दैनौं,' उनले भने, 'फेरि नारायणीमा बाढी आएर हाम्रो उठिबास लगाउँछ कि भन्ने चिन्ताले रातदिन सताउने गरेको छ ।' बाढीले बस्ती नै विस्थापित गरेको केही वर्षपछि विस्तारै मानिसहरू आफ्नो ठाउँमा फर्किएका महतोको भनाइ छ । मध्यबिन्दु–२ सेहरीका विफली बोटेले हिउँदभरि चिन्ताविना नै दिनहरू जाने भए पनि बर्खा सुरु भएपछि आफूहरूको पीडाका दिनहरू सुरु हुने बताए । 'बर्खा सुरु भएसँगै कति बेला नारायणी बढेर आउँछ र हाम्रो उठिबास लगाउँछ भन्ने चिन्ताले अझै पनि सताउने गरेको छ,' उनले भने । साउन लागेपछि असोज नलाग्ने बेलासम्म आफूहरू ढुक्कसँग निदाउनसमेत नसक्ने गरेको उनले बताए ।

'बेलुका सुत्दा त ठिकै सुतेका हुन्छौं । तर, रातिमा नदी बढेर घरभित्रै आयो कि भन्ने पीडाले निद्रा नै लाग्दैन,' बोटले भने, 'राति उठ्दा खाटमुनि पानी पसेको पो छ कि, कतै घर पो डुब्यो कि भन्ने पीडाले सताउने गरेको छ ।'

खासगरी नारायणी नदीको माथिल्लो तटीय क्षेत्रमा पानी परेको समाचार सुन्दा नदीमा बाढी आउँछ कि भन्ने चिन्ता आफूहरूको मनमा रहने गरेको उनको भनाइ छ । नारायणी नदीको दीर्घकालीन व्यवस्थापन गर्नका लागि सरोकारवालाहरूले चासो दिनुपर्ने स्थानीय बताउँछन् ।

मध्यबिन्दु–२ का वडाध्यक्ष रामभक्त अधिकारीले नारायणी नदीको धेरै ठाउँमा तटबन्ध गरिएको बताए । 'नारायणी नदी व्यवस्थापन कार्यालय चितवनले नदीको धेरै ठाउँमा ठक्कर दिएर नदीलाई बस्ती पस्नबाट जोगाउने कोसिस गरेको छ,' उनले भने, 'यसरी नदी किनारमा ठक्कर दिएर मात्रै नदीको बाढी र कटान नियन्त्रण गर्न सकिँदैन, यसको दीर्घकालीन समाधान हुनुपर्छ ।' कार्यालयले चितवन र नवलपुरमा बराबर काम गर्ने गरी बजेट विनियोजन गरेको भए पनि नवलपुरतर्फ खासै काम नगरेको पाइएको उनले गुनासो गरे ।

'चितवनतर्फ बाढी र कटान रोक्नका लागि दीर्घकालीन काम भएको हामीले पायौं तर हाम्रो नवलपुरतर्फ चितवनको जसरी काम नै सुरु भएको छैन,' उनले भने, 'जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेश र सङ्घीय सांसदको चासोमा नारायणी नदीको व्यवस्थापन नपर्दा पनि नदी तटीय बासिन्दाले बर्सेनि पीडा भोग्नुपरेको छ ।' नवलपुरतर्फ ठेक्का लगाएर पनि काम हुन नसकेको, नदीको किनारमा जालीमा ढुङ्गा भरेर ठक्कर दिने काममात्रै भएको अधिकारीको भनाइ छ ।

मनसुनजन्य प्रकोपका कारण नवलपरासी (बर्दघाट–सुस्तापूर्व) उच्च जोखिममा रहेको जिल्ला हो । यहाँ मनसुनका कारण सबैभन्दा बढी प्रभावित हुने स्थानीय तह मध्यबिन्दु, गैँडाकोट, देवचुली र कावासोती नगरपालिका हुन् । त्यस्तै विनयी त्रिवेणी र हुप्सेकोट गाउँपालिका पनि बाढी र पहिराको उच्च जोखिममा छन् । बाढी र पहिराका कारण यहाँ बर्सेनि ठूलो धनजनतको क्षति हुने गरेको छ । *रासस*

# खोलाको पानी गाउँ पस्दा एक दर्जन घर डुबानमा

**वीरगञ्ज–** अविरल वर्षाका कारण वीरगञ्ज महानगरपालिका–३० लालपर्सा र प्रसोतिपुरको एक दर्जन घर डुबानमा परेका छन् । स्थानीय भेडाहा खोलाको पानी गाउँमा पस्दा लालपर्सा, प्रसोतिपुरलगायत गाउँका एक दर्जन घर डुबानमा परेको स्थानीयले बताएका छन् ।

यद्यपि मंगलबार बिहानदेखि पानीको सतह घट्दै गएको छ । बस्ती डुबानमा परेपछि प्रतिनिधिसभाका सदस्य तथा पूर्वमन्त्री प्रदीप यादव र वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वस्तीको स्थलगत निरीक्षण गरेका छन् ।

सो क्रममा पूर्वमन्त्री यादवले भेडाहा खोलामा ड्याम लगाइएमात्रै यहाँ हुने डुबानको समस्या समाधान हुने र त्यसका लागि स्थानीयले नै सहयोग गर्नुपर्ने बताए । डुबानको समस्या दीर्घकालीन रूपमा समाधानका लागि भेडाहामा ड्याम लगाउने काम अघि बढेको र केही व्यक्तिका कारण अवरोध हुँदा ढिलाइ हुनपुगेको भन्दै चाँडै सम्पन्न गराउन लागिपरेको महानगर प्रमुख सिंहले जानकारी दिए ।

तत्काललाई पानी निकासा हुने गरी व्यवस्था मिलाउने र डुबानमा परेकाका लागि उचित राहतको व्यवस्था मिलाइने उनको भनाइ छ । भेडाहा खोलाको बाढी वीरगञ्जको सिर्सिया नदीमासमेत छरिएर आइपुगेको छ । *रासस*

# कञ्चनपुरमा १०० भन्दा बढी घरमा पानी पस्यो

**महेन्द्रनगर (प्रस)–** अविरल वर्षा भएपछि कञ्चनपुरमा ११० घरमा पानी पसेको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका अनुसार वर्षाका कारण नदी तथा खोलामा पानीको सतह बढ्दा कञ्चनपुरको पुनर्वास र कृष्णपुर नगरपालिकामा केही घरमा पानी पसेको हो ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश डाँगीले दोदा नदीको सतह बढ्दा पुनर्वास नगरपालिका–५ सिम्रीस्थित राना बस्तीका ६० घरमा पानी पसेको बताए । उनका अनुसार वर्षाकै कारण कृष्णपुर नगरपालिका–७ शान्तिपुर टोलमा मोहना नदीको पानी पस्दा ५० घरमा पसेको बताए । कञ्चनपुरको चुरे क्षेत्रमा सोमबारदेखि भएको वर्षाका कारण यहाँका खोलानाला र नदीमा जलस्तर बढेको हो ।

'घरभित्र पानी पसे पनि डुबान नै भएर विस्थापित हुनुपर्ने स्थिति छैन,' प्रवक्ता डाँगीले भने, 'पानी पसेको क्षेत्रमा सुरक्षाकर्मीको टोली पनि खटिएका छन् ।' सुरक्षा निकायले यहाँको शुक्लाफाँटा नगरपालिका–७ कालापानीस्थित स्याली नदीमा फसेका दुई र कृष्णपुर नगरपालिका–१ स्थित ओदाली खोलामा फसेका दुई जना गरी चार जनाको उद्धार गरेको जनाएको छ ।


## कतारमा रोजगारको अवसर

**Advanced Technical Services Co. WLL** Qatar, Doha

पुर्व स्वीकृति मिति:२०२३/०८/०७ | पत्र संख्या: ०८०/८१ | चलानी नं.: ६०२०५८१३ | LT No. 290469

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 03 | सम्बन्धित कामको ज्ञान | 1000 | ३६,२९० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Technician | 02 | | 1100 | ३९,९१९ | | | | | | | | |
| ३. | Cabling Tech. | 02 | | 1100 | ३९,९१९ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने क. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**फाइनल अन्तर्वार्ता २०८० साउन ३१ गते (August 16, 2023) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ४१११५६०, फ्याक्स: ४१११६२३ Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FLOWSERVE ABAHSAIN FLOW CONTROL CO.LTD.**

पूर्व स्वीकृति मिति : २०८०/०४/२१ | LT. No. 290090 | चलानी नं. ६०२०५८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३१ गते (16th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **SWIFT HANDY HOSPITALITY SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०३/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२३ | LT. No.288161 | चलानी नं. ६०२०३४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Specialist | 5 | 0 | 4200 | १५०,३६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Market Manager | 1 | 0 | 5700 | २०४,०७० | | | | | | | |
| 3 | Waitress | 0 | 16 | 1400 | ५०,१२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३१ गते (16th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NEW SYSTEM ENGINEERING L L C**

पूर्व स्वीकृति मिति : २०८०/०४/२३ | LT. No. 290585 | चलानी नं. : ६०२०५८१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 5 | 0 | 2500 | ९०,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Air Conditioning Mechanic | 1 | 0 | 1500 | ५३,९६५ | | | | | | | |
| 3 | Archivist | 5 | 0 | 1500 | ५३,९६५ | | | | | | | |
| 4 | Building Construction Supervisor | 1 | 0 | 2500 | ९०,०१० | | | | | | | |
| 5 | Carpenter | 1 | 0 | 1200 | ४३,१७० | | | | | | | |
| 6 | Civil Engineer | 2 | 0 | 5000 | १७९,८८० | | | | | | | |
| 7 | Civil Engineer Technician | 9 | 0 | 2500 | ९०,०१० | | | | | | | |
| 8 | Filling Clerk | 5 | 0 | 2500 | ९०,०१० | | | | | | | |
| 9 | Mechanical Engineer | 5 | 0 | 5000 | १७९,८८० | | | | | | | |
| 10 | Mechanical Engineer Technician | 8 | 0 | 2500 | ९०,०१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,१७० | | | | | | | |
| 12 | Painter Assistanat | 5 | 0 | 1000 | ३५,९७५ | | | | | | | |
| 13 | Public Relation Officer | 5 | 0 | 2500 | ९०,०१० | | | | | | | |
| 14 | Steel Fixer | 3 | 0 | 1200 | ४३,१७० | | | | | | | |
| 15 | Welder | 7 | 0 | 1200 | ४३,१७० | | | | | | | |
| 16 | Welder Assistant | 4 | 0 | 1000 | ३५,९७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३१ गते (16th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **R THREE LINES RESTARAUNT**

पूर्व स्वीकृति मिति २०८०/०४/२३ | LT. No. 290528 | चलानी नं. ६०२०५८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Cleaning Worker | 4 | 0 | 1000 | ३६,२९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 0 | 2 | 1500 | ५४,४४० | | | | | | | |

कम्पनी : **INTEGRATED PARKING SERVICES LLC**

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२३ | LT. No. 275436 | चलानी नं. ६०१९१०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 100 | 0 | 1000 | ३५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३१ गते (16th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SAUD BIN ABDULLAH BARAK AL OTAIBI EST FOR LAND TRANSPORT**

पुर्व स्वीकृति मिति २०८०/०४/२३ | LT. No. 290564 | चलानी नं. ६०२०५८२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३१ गते (16th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## ZERO COST RECRUITMENT IN MALAYSIA !!
## मलेशियामा शुन्य लागतको अवसर ।

PMA press metal aluminium

Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, प्रि–राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

COMPANY NAME: **PMB ALUMINIUM SDN BHD** — **KLANG**
रोजगारदाता कम्पनी : **पिएमबी अल्मुनयम एसडीयन. बीएचडी.** — **केलाङ**

Pre Approval Date : 2023-08-08 | LT. No. 290571 | Consignment No. 60205844
पूर्व स्वीकृति मिति : २०८०/०४/२३ | एल टि न. २९०५७१ | चलानी नं. ६०२०५८४४

| सि.नं S.N. | कामदारको पद Post of Foreign Migrating Worker's | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रु. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री अपरेटर Factory Operator | २६ 26 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४३,११५ 43,115 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Domestic medical expenses borne by whom & how much does it cost | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Abroad Medical Cost borne by | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Welfare Fund — ने.रु.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने Rate Service Charge — रोजगारदाताले ब्यहार्ने By the Employer

**पिएमबी अल्मुनियम एसडिएन. बिएचडी. ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।**
**PMB ALUMINIUM SDN BHD doesn't impose any Recruitment/Placement Fee for this emplyment.**

श्रीशा इन्टरनेशनल प्रा.लि. को कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेस्रो पक्ष र मध्यस्तथता रहेको छैन र हामी हाम्रो भर्ती पक्रियामा यी माध्यमहरूको प्रयोग पनि गर्दैनौं ।
Shreesha International Pvt. Ltd does not use any Agent/Sub-Agent/Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.

**Note (नोट):**
आवेदकलाई कुनै पनि मध्यस्थताको प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्नेछैन ।
Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
प्रि–अन्तरवार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तरवार्ताको लागि योग्य हुनेछन् ।
Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Interview will be conducted on 16th August, 2023 in office premisees.**
**अन्तर्वाता मिति २०८० साउन ३१ गते कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुबिधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**Shreesha International Pvt. Ltd.** is committed to abide laws and principle guidelines of "Zero Cost" and "Ethical Sourcing/Recruitment" providing equal opportunities treating fairly with the dignity in transparent way.
श्रीशा इन्टरनेशनल प्रा.लि.ले ''शून्य लागत'' र ''नैतिक स्रोत र भर्ती'' को कान'नी सिद्धान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल info@shreeshainternational.com मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासोहरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at **info@shreeshainternational.com**, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handle your concerns as soon as possible.

**SHREESHA INTERNATIONAL PVT.LTD.**
Govt. License 1573/079/080
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location

# प्रभाव दैनिक

रूपशाला

बुधबार, २४ साउन २०८० (Wednesday, August 9, 2023)


### राजेशपायलको 'जानु ए जानु'

गायक राजेशपायल राईको स्वरमा रहेको गीत 'जानु ए जानु' को अफिसियल म्युजिक भिडियो सार्वजनिक भएको छ। गीतमा विनोद पछाईको संगीत, जानुका ढकालको शब्द, महाराज थापाको एरेन्ज र मिन विष्टको मिक्सिङ तथा मास्टरिङ छ। भिडियोमा मोडल आभा थापा र बद्रीप्रसाद तिवारी फिचर्ड छन्। नवनारी इन्टरटेन्मेन्टको प्रस्तुती रहेको भिडियोमा आभा र बद्रीलाई रोमान्टिक भावमा देखाइएको छ। निसान घिमिरेको सम्पादन तथा निर्देशन रहेको भिडियोमा राजीव समरको कोरियोग्राफी, उत्तम हुमागाईंको छायांकन र सुवास तिमिल्सिनाको मेकअप छ।



# कोरोनापछि प्रज्ञा भवनमा पहिलो गाईजात्राको तयारी




■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरोना महामारी पछिको पहिलो गाईजात्रा प्रज्ञा भवन, कमलादीमा आयोजना हुने भएको छ। '८० सालको गाईजात्रा' नाम दिइएको यो कार्यक्रम भाद्र १३ गतेदेखि १८ गतेसम्म आयोजना हुनेछ। गाईजात्रा कार्यक्रमको आयोजक ब्राण्डवर्थ प्राली रहेको छ।

मनोज गजुरेल, शैलेन्द्र सिंखडा, टीका भण्डारी, सुबोध गौतम, मेक्सम गौडेल, सुन्दर खनाल 'चिप्लेटी अंकल', सीता न्यौपाने, राधिका कंडेल, दीपक प्रसाद आचार्य 'काकु', प्रभात लामा, रुबिना अधिकारी लगायतका कलाकारहरूले '८० सालको गाईजात्र'मा दर्शकहरूलाई हँसाउनेछन्।

जेसीस, लायन्स लगायतका संस्थाहरूसँगको सहकार्यमा ब्राण्डवर्थ प्रालीले उपत्यका बाहिर पनि '८० सालको गाईजात्रा' आयोजना गर्दै छ। विराटनगर, बर्दिबास, चन्द्रनिगाहपुर, सैनामैना, दाङमा कार्यक्रम हुने पक्का भईसकेको छ। साथै अन्य सहरमा पनि '८० सालको गाईजात्रा' आयोजना हुनेछ।

कोरोना महामारीका दुईवटा वर्षमा पनि डिजिटल गाईजात्रा गरेर दर्शकलाई मनोरञ्जन र मोटिभेसन गरेको यस प्राली यस पटक पनि रङ्गमञ्च सँगसँगै टेलिभिजनमा पनि 'डिजिटल गाईजात्रा' प्रसारण गर्नेछ। ७ एपिसोडमा प्रसारण हुने 'डिजिटल गाईजात्रा'को पोस्ट प्रोडक्सन सकेर कलाकारहरू रङ्गमञ्चमा हुने '८० सालको गाईजात्रा'को रिहर्सलमा व्यस्त छन्।

# योगाज र तिलस्मीले ल्याए 'राजा ल्याऊँ देश बचाऊँ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'राजा आउँ देश बचाउ' राजसंस्था पक्षधरहरूले सडक आन्दोलन गर्दा सबैभन्दा बढी लगाउने नारा हो। यही नाराबाट गीत समेत बनेको छ। सर्लाहीका गायक योगाज राजनले यो गीत निर्माण गरेका हुन्। युट्युबमा सार्वजनिक गीतमा राजनलाई तिलस्मी खड्काले स्वर दिएकी छन्। तिलस्मी राजनकी छोरी हुन्।

राजसंस्था पुनर्स्थापना निम्ति भएका आन्दोलन, राजा महेन्द्रदेखि पारससम्मका भिडियो फुटेज तथा राजसंस्था पक्षधर विभिन्न नेताहरूका भाषणका क्लिपहरूसमेत राखेर भिडियोलाई रोचक बनाइएको छ।

गायक खड्काले देशमा राष्ट्रिय एकताको प्रतिकका रूपमा राजसंस्थाको आवश्यकता जनतालाई थप महसुस गराउन यो गीत ल्याएको बताए।

गीतले बैंक तथा वित्तीय संस्थाहरूले जनतालाई चर्को ब्याजदर थोपरेर मर्नु न बाँच्नुको अवस्थामा पुऱ्याइरहेको अवस्थालाई पनि बोलेको छ। २०५७ सालमा उनले 'गरौं चिनाजानी' नामको गीति एल्बम ल्याएका थिए। त्यसको ६ वर्षपछि २०६३ सालमा



उनले 'स्कुल क्याम्पस' नामको दोस्रो एल्बम सार्वजनिक गरे। दुवै एल्बमका गीतहरू विशुद्ध मनोरञ्जनात्मक थिए।

तिलस्मीले २०७६ सालमा पौडी खेलाडी गौरीका सिंहमा समर्पित गीत 'हिप हिप हुर्रे गौरीका' मा स्वर दिएकी थिइन्। गौरीकाले खेलमा ४ स्वर्णपदकसहित नौवटा पदक जितेकी थिइन्।

गीतमा शब्द र संगीत राजनकै छ। डीजेएलएक्स पौडेलको एरेन्ज रहेको गीतको भिडियो निर्देशन र सम्पादन अरुण लम्सालले गरेका छन्।

# माघमा सऱ्यो 'नम्बरी सुन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजु गिरी निर्देशित फिल्म 'नम्बरी सुन'को रिलिज सरेको छ। भदौ १ गते रिलिज हुने भनिएको यो फिल्म सरेर आगामी माघ १९ गते पुगेको छ। फिल्म युनिटले नयाँ मितिसहितको पोस्टर सार्वजनिक गर्दै फिल्म सरेको जानकारी दिएको हो। नारायण खाती प्रस्तुतकर्ता रहेको फिल्ममा गौरव पहाडी, नम्रता सापकोटा, सरोज खनाल, गौरव दर्पण, बुद्धि तामाङ, राजाराम पौडेल, विनोद न्यौपाने, किरण नेपाली, राजेन्द्र खड्गी, सविन बास्तोला, गीता अधिकारीलगायत कलाकारको अभिनय छ।




सुवर्ण शिभान्स फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा सरोज खाती, सविन खाती र मनोज रिजालको लगानी छ। यो फिल्मको छायांकन लमजुङको भुजुंङ खोला, हेटौंडा, काठमाडौंका विभिन्न ठाउँमा गरिएको हो।

दिव्य सुवेदीले छायांकन गरेको फिल्ममा गौतमराज खड्काको सम्पादन, अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, रामजी लामीछानेको नृत्य, समीर मियाँको भिएफएक्स, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व, विनोद भुजेलको ब्याकग्राउन्ड स्कोर, मनोरञ्जन श्रेष्ठको कलर करेक्सन छ। फिल्मलाई काठमाडौं उपत्यकामा जिजिए ग्रूप र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दै छ।

## रंगशाला

### एएफसी कप छनोट

# पारोविरुद्ध मच्छिन्द्रको रोमाञ्चक जित






■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी कप अन्तर्गतको खेलमा नेपालको मच्छिन्द्र क्लबले भुटानी क्लबलाई पराजित गर्दै आई लिग क्लब मोहन बगानसँगको भेट पक्का गरेको छ। दशरथ रंगशालामा प्रारम्भिक चरणको खेलमा भुटानको पारो एफसीलाई ३-२ गोल अन्तरले हराउँदै मच्छिन्द्रले आगामी अगष्ट १६ मा हुने मोहन बगानसँगको भेट पक्का गरेको हो।

मच्छिन्द्रको जितमा बिमल घर्ती मगर, आयुश घलान र अफिज ओलावालेले गोल गरे। खेलका सुरूवाती अग्रताले पारोले बनाएको थियो।

खेलको ७ औं मिनेट मच्छिन्द्रको डिफेन्डिङ लाइन कमजोरीको फाइदा उठाउँदै काजु होमाले पारोलाई सुरूवाती अग्रता दिलाएका थिए। खेलको १२ औं मिनेटमा बिमल घर्ती मगरले बराबरी गोल फर्काए। आयुश घलानको क्रसमा उनले हेडर मार्फत बराबरी गरे।

खेलको १५ औं मिनेट मच्छिन्द्रले खेलमा अग्रता बनाउन सफल रह्यो। बिमलको पासमा आयुशले मच्छिन्द्रका लागि दोश्रो गोल गरे। खेलको ३९ औं मिनेटमा अफिस ओलावालेले मच्छिन्द्रका लागि तेश्रो गोल गरे। ओमोलाजा करिमको क्रसमा ओलावालेले सेकेन्ड बार च्याप्दै हेडर मार्फत गोल गरे। पहिलो हाफमा पारो माथि मच्छिन्द्रले दवाव बनाएको थियो।

तर, दोश्रो हाफमा मच्छिन्द्र माथि पारोले दवाव बनाउन सफल रहयो। खेलको ६१ औं मिनेटमा मच्छिन्द्रका डिफेन्डर छिरिङ गुरूङलाई बिट गराउँदै पारोका इभान आसान्टेले गोल गर्दै अग्रता ३-२ मा झारे।

इन्जुरी समयमा गोलरक्षक बिट भएको अवस्थामा विमल घर्ती मगरले खाली पोष्टमा जाली चुमाउन चुके।

खेलको २३ औं मिनेटमा पारोका कर्मा क्षेत्रिमले पहेँलो कार्ड प्राप्त गरे। आयुस घलानलाई फाउल गरेपछि मुख्य निर्णायक गो डु लेनले क्षेत्रिमलाई कार्ड देखाए। ४५ औं मिनेटमा पारोका डिफेन्डर कोरा कोनेलाई फाउल गरेपछि अफिजले पहेँलो कार्ड प्राप्त गरे। खेलको प्लेअर अफ दि म्याच विमल घर्तीमगर चुनिए।

### किंग्स कप पुरुष भलिबल

# पुलिस, गण्डकी र जिएमको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो संस्करणको किंग्स कप पुरुष भलिबल प्रतियोगितामा नेपाल पुलिस क्लब, गन्डकी प्रदेश र जिएम समाजले विजयी सुरुआत गरेको छ। मंगलबारबाट सुरु प्रतियोगिताको पहिलो दिन वर्षाका कारण सुरु हुन ढिला भएको थियो। ढिला सुरु हुँदा पहिलो दिन ४ मध्ये ३ खेल मात्र भयो।

प्रतियोगिताको पहिलो खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले जित हात पारेको हो। पुलिस क्लबले नेपाल गणतान्त्रिक महासंघलाई ३-० को सोझो सेटमा पराजित गरेको हो।

पुलिसले महासंघलाई २५-१४,२५-१३ र २५-२० ले पराजित गरेको हो। दोस्रो खेलमा खोटाङ नेशनल युवा संघलाई पराजित गरि जिएम समाजले सुखद सुरुआत गरेको थियो। जिएम समाज २५-२०, २०-२५, २५-१८ र २५-२३ सेटमा विजयी भएको थियो।

त्यस्तै तेस्रो खेलमा आयोजक किंग्स क्लब काठमाडौंलाई पराजित गरि गन्डकी प्रदेशले सुखद सुरुआत गरेको छ। आयोजक किंग्स क्लबलाई गन्डकीले ३० को सोझो सेटमा पराजित गरेको हो। २५-१७, २५-१६ र २५-२३ को सेटमा गन्डकी विजयी भएको हो।

चौथो खेल समय अभावका कारण हुन सकेन। मंगलबार हुन नसकेको खेलसहित बुधबार पाँच खेल हुनेछ। प्रतियोगितामा ८ वटा टोलीको सहभागीता रहने छ। सहभागी टोलीलाई समूह ए र बी मा विभाजन गरिएको छ।

समूह ए मा आयोजक किंग्स क्लब सहित खोटाङ नेशनल युवा संघ, गण्डकी प्रदेश र जिएम समाज रहेका छन्। यस्तै समूह बी मा विभागीय टोलीहरू नेपाल पुलिस र नेपाल एपीएफ क्लब तथा कोशी प्रदेश र नेपाल गणतान्त्रिक महासंघ रहेका छन्।

प्रत्येक समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान सुरक्षित गर्ने छन्। नेपाल भलिबल संघको स्विकृतीमा भएको यस प्रतियोगितामा संघले प्राविधिक सहयोग प्रदान गर्नेछ। प्रतियोगिताको अनुमानित बजेट १७ लाख रहेको छ। आयोजक क्लबका महासचिव लक्ष्मण काप्रीका अनुसार पुरस्कार तर्फ मात्र ४ लाख रकम खर्च हुनेछ।

प्रतियोगितामा प्रथम हुने टोलीले २ लाख २ हजार नगद प्राप्त गर्दा दोस्रो हुनेले १ लाख १ हजार नगद प्राप्त गर्ने छ। तेस्रो हुनेले नगद रु ५० हजार ५ सय र सान्त्वनाले रु २२ हजार २ सय प्राप्त गर्ने छ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ८ हजार नगद पुरस्कार पाउने छ। हरेक विधाका उत्कृष्ट खेलाडीले जनही ३ हजार नगद पुरस्कार पाउने छ। प्रतियोगिताका सबै खेल नयाँ बसपार्कमा रहेको ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रमा हुनेछ।

### महिला विश्वकप

# क्वाटरफाइनलको समीकरण पूरा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलिया र न्युजिल्यान्डमा जारी फिफा महिला विश्वकपको अन्तिम प्रि-क्वाटरफाइनल खेल सम्पन्न भएसँगै क्वाटरफाइनल समीकरण पूरा भएको छ। मंगलबार भएका दुई खेलमा जित हात पार्दै फ्रान्स र कोलम्बिया क्वाटरफाइनलमा प्रवेश गरेका छन्।

मंगलबार भएको अन्तिम प्रि-क्वाटरफाइनल खेलमा मोरक्कोलाई ४-० ले हराउँदै फ्रान्स अन्तिम आठमा पुगेको हो। फ्रान्सका लागि युजेनी ले सोमेरले दुई तथा काडियाटोउ डिएनी र केन्जा डालीले समान १/१ गोल गरिन्।

पहिलो हाफमा तीन गोलको अग्रता बनाएको फ्रान्सले दोस्रो हाफमा एक गोल थप्दै जित दर्ता गरेको हो। १५औं र ७०औं मिनेटमा




काडियाटोउ डिएनीले तथा २०औं मिनेटमा केन्जा डाली र २३औं मिनेटमा युजेनी ले सोमेरले गोल गर्दै फ्रान्सलाई अन्तिम आठमा पुऱ्याईन्। फ्रान्सले क्वाटरफाइनलमा स्थान बनाएसँगै फिफा महिला विश्वकप फुटबलको क्वाटरफाइनल समिकरण पूरा भएको छ।

त्यस्तै मंगलबार नै भएको पहिलो क्वाटरफाइनलमा जमैकालाई हराउँदै कोलम्बिया पनि अन्तिम ८ मा पुगेको हो। मंगलबार मेलवर्नमा भएको प्रि-क्वाटरफाइनल खेलमा जमैकालाई १-० ले हराउदै कोलम्बिया अन्तिम आठमा पुगेको हो। कोलम्बियाका लागि काटालिना उस्माले ५१औं मिनेटमा निर्णायक गोल गरिन्।

अब क्वाटरफाइनलमा स्पेन र नेदरल्यान्ड्स, जापान र स्वीडेन, अस्ट्रेलिया र फ्रान्स तथा इंग्ल्यान्ड र कोलम्वियाबीच खेल हुनेछ।

# 'भारत पाकिस्तानसँगको सम्बन्ध सामान्य बनाउन तत्पर'



**नयाँदिल्ली–** भारतले पाकिस्तानसँगको सम्बन्धलाई सामान्य बनाउ तत्पर रहेको बताएको छ । आतंकवाद र हिंसामुक्त वातावरण बनेमा द्विपक्षीय मैत्रीमा विमति नहुने नयाँदिल्लीले स्पष्ट गरेको छ ।

हालै इस्लामावादमा खनिज शिखर सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले राष्ट्र निर्माणका लागि आफू छिमेकीसँग वार्ता गर्न तयार रहेको बताएपछि त्यसको जवाफमा भारतले हिंसामुक्त वातावरण निर्माणमा जोड दिएको हो ।

भारतको विदेश मन्त्रालय (एमइए)का प्रवक्ता अरिन्दम बागचीले भारत पाकिस्तानसँग मैत्रीपूर्ण सम्बन्ध चाहन्छ तर त्यस्तो सम्बन्धका लागि आतंकवाद र हिंसामुक्त वातावरण बन्नुपर्नेमा जोड दिए । उनले भने, 'पाकिस्तानी प्रधानमन्त्रीको अभिव्यक्तिबारे हामी जानकार छौं यस सम्बन्धमा भारतको स्पष्ट र सुसंगत अडान सबैलाई अवगत छ, हामी पाकिस्तानसहित हाम्रा सबै छिमेकी देशसँग सामान्य सम्बन्ध कायम गर्न चाहन्छौं तर त्यसका लागि आतंक र शत्रुतामुक्त वातावरण अपरिहार्य छ ।'

सन् १९४७ मा स्वतन्त्र भएदेखि नै दुई देशबीचको तनावपूर्ण सम्बन्धको इतिहास भए पनि पाकिस्तानी प्रधानमन्त्री सरिफले राष्ट्रले भोल्नुपरेको आर्थिक कठिनाइलगायत समस्या सामना गर्न भारतसँगको वार्तालाई जोड दिएका हुन् । गरिबी, बेरोजगारी, वित्त, शिक्षा, स्वास्थ्य र जनकल्याणका निम्ति आवश्यक स्रोतको अभावमा छिमेकीसँग सधैं वैरभावका साथ बस्न नहुने निष्कर्षका साथ उनले वार्ता गर्न आफू नेतृत्वको सरकार तत्पर रहेको बताएका हुन् ।

'हाम्रा छिमेकीसँग हामी वार्ता गर्न तयार छौं, यदि छिमेकी गम्भीर विषयमा टेबलमा बस्न राजी भएमा त्यो असम्भव छैन । पाकिस्तान एक आणविक शक्ति हो यसलाई हामीले आक्रमणका लागि नभई आफ्नो रक्षाका लागि विकास गरेका हौं,' बितेका ७५ वर्षमा तीनवटा युद्ध लडेको देशका प्रधानमन्त्रीले भारतसँग सबै समस्याको समाधान छलफल र सम्वादका माध्यमबाट खोज्नुपर्ने उल्लेख गर्दै भने ।

आणविक होडबाजीको सट्टा आर्थिक प्रतिस्पर्धा गर्नु दुवै देशका निम्ति श्रेयस्कर हुने तर्क गर्दै प्रधानमन्त्री सरिफले आपसी चासो र विवादका विषयको निरूपण शान्तिपूर्ण छलफलबाट नगरेसम्म दुवै देश सामान्य छिमेकी हुन नसक्ने उनले बताए । यसअघि पनि पाकिस्तानी प्रधानमन्त्रीले भारतसँग वार्ता गर्न आफ्नो सरकार इच्छुक रहेको जनाउँदै 'कसैका विरुद्धमा कोही' नभएको बताएका थिए ।

पाकिस्तानको स्थापना भएदेखि नै दुई देशबीचको सम्बन्ध कहिल्यै पनि सामान्य हुन सकेको छैन । भारतले पाकिस्तानमाथि सधैं सीमापार आतंकवादलाई प्रश्रय दिएको आरोप लगाउँदै आतंकवादका बीचमा वार्तालाई निरन्तरता दिन नसकिने अडान दोहोऱ्याउँदै आएको छ ।

